महाशिला गाँउपालिका

# स्थानीय राजपत्र

**खण्ड २, संख्या ६, चैत्र २ गते, २०७६ साल**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाशिला गाँउसभाले देहायको ऐन जारी गरेको छ ।

# भाग १

# स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ लाई संशोधन ऐन २०७६

**प्रस्तावना:**

स्थानिय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम महाशिला गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम महाशिला गाउँपालिकाको “स्थानिय स्वास्थ्य तथा सरसफाई (पहिलो संशोधन) ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई स्थानिय राजपत्रमा प्रकाशित भएको मितिदेखी प्रारम्भ हुनेछ ।

**२. स्थानिय स्वास्थ्य तथा सरसफाइ ऐन २०७५ को दफा ३ को उपदफा २ मा संशोधन :** स्थानिय स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ (यसपछि मुल ऐन भनिएको ) को दफा ३ को :

(१) उपदफा (२) मा सामुदायिक स्वास्थ्य इकाई राखिएको छ ।

**३. मुल ऐनको दफा १० को उपदफा १ मा संशोधन :** मुल ऐनको दफा १० को :

**१)** उपदफा १ देहायको विषय थप गरिएको छ :

**मानव संशाधन :** कम्तिमा २ जना एमविविएस डाक्टर, एच.ए.३, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा ५ जना अनमी, एकजना ल्याव टेक्नीसियन, एक्सरे को लागि १ जना रेडियोग्राफर र आवश्यक मात्रामा सहायक र स्वास्थ्यकर्मी ।

**४. मुल ऐनको दफा ३१ मा देहायको विषय थप गरिएको :** मुल ऐनको दफा ३१ उपदफा ३, ४ र ४क मा देहायको विषय थप तथा हेरफेर गरिएको छ :

३) सुर्ती, मदिरा र लागुपदार्थ जन्य बस्तुको विक्रि वितरण र प्रयोगमा नियन्त्रण सम्वन्धमा निशेधित र खुल्ला क्षेत्र कार्यविधी वा मापदण्ड बमोजिम हुनेछ ।

४) विधालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरु वरपर १०० मिटर भित्र धुम्रपान, मदिरापान निषेध गर्नेछ ।

**४क.** मदिरा नियन्त्रणको सम्वन्धमा सम्वन्धित वडा कार्यालयले योजना बनाई कार्य गर्न सक्नेछ ।

**५. मुल ऐनको दफा ३२ को उपदफा ५ पछि देहायको उपदफा ६ थप गरिएको :** मुल ऐनको दफा ३२ को :

**१)** उपदफा ५ पछि देहायको उपदफा ६ राखिएको छ :

६) वडा कार्यालयले कार्ययोजना वनाई फोहोर विक्रि एवं पुनःप्रयोग गर्ने व्यवस्था गर्न सक्नेछ ।

**आज्ञाले,**
**बुद्धिराम उपाध्याय**
**प्रमुख प्रशासकिय अधिकृत**